# कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
अन्तर्गत स्नातकोत्तर तह एम एड दोस्रो वर्षको Ed.Ce-598 विषयको
आंशिक आवश्कता परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**


शोधकर्ता

विनिता न्यौपाने

परीक्षा क्रमाङ्क : २१४००२०/२०७२

त्रि.वि दर्ता नं.९-२-६१४-९-२०१०

शैक्षिक वर्ष : २०७०/०७१



सुकुना बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

सुन्दरहरैंचा, मोरङ


२०७४


कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग

विनिता न्यौपाने

२०७४

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी  क्याम्पस सुन्दरहरैँचा मोरङ्गको पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत एम.एड. दोस्रो वर्ष Course No.Ed.598को आवश्यकता पूरा गर्नका निम्ति **कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग** नामक शोधपत्र तयार गरेको छु। यस अनुसन्धानलाई पूरा गर्ने क्रममा अनुसन्धानका सम्पूर्ण नीतिनियमहरूको पालना गरी तयार पारिएको छ। यस अनुसन्धानमा अघिल्ला अध्ययन अनुसन्धानलाई हुवहु नसारी आफ्नो भाषाशैलीमा तयारी पारीएको छ।

विनिता न्यौपाने

एम.एड., दोस्रो वर्ष

# कृतज्ञता

त्रिभूवन विश्वविद्यालय सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ्ग शिक्षाशास्त्र संकाय अन्तर्गत एम.एड द्वितीय वर्ष पाठयक्रम तथा मूल्याङ्कन विभाग EdCe ५९८ को आंशिक आवश्यकता पूरा गर्ने क्रममा प्रस्तुत कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग शीर्षकमा शोधपत्र तयार पार्ने जर्मको गरिएको छ। अनुसन्धान कार्यको प्रारम्भ देखि पूर्णताको अन्तिम क्षणसम्म आफ्नो महत्त्वपूर्ण समय प्रदान गरी हरबखत आवश्यक सल्लाह, सुझाव तथा मार्ग निर्देशन गर्ने आदरणीय गुरूश्री गणेशप्रसाद दहाललाई हृदयदेखि नै धन्यवाद दिन चाहान्छु। अनुसन्धानका क्रममा आफ्नो अमूल्य सुझाव दिनुहुने पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमूख श्री केशवराज भट्टराईज्यूलाई हार्दिक धन्यवाद दिन चाहान्छु। यस शोधकार्यलाई आवश्यक सुझाव प्रदान गर्नु हुने प्राध्यापक श्री नरप्रसाद भण्डारी,भोजराज घिमिरे र वासुदेव दाहालज्यूलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

यो शोधकार्यलाई पूर्णता दिनका लागि अध्ययनको क्रममा तथ्याङ्क एवम् सूचना उपलब्ध गराएर सहयोग पुऱ्याउनु हुने नमुना छनोटमा परेका विद्यालयका प्र.अ.शिक्षक र विद्यार्थीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। त्यसै गरी अनुसन्धानका क्रममा आवश्यक सामग्री उपलव्ध गराई सहयोग गर्ने संस्थाहरूमा सुकुना वहुमुखी क्याम्पस पुस्तकालय परिवार, सुकुना पुस्तक पसल, लक्ष्मी पुस्तक पसललाई हार्दिक धन्यवाद दिन चाहन्छु।

मेरो अध्ययनलाई पुरा गर्न सधै हौसला दिने मेरी ममतामयी माता ज्ञानु न्यौपाने प्रति आफू ऋणि भएको महसुस गरेको छु। त्यसै गरी मेरो अध्ययनलाई पूर्णता दिनको लागि घरायसी वातावरण मिलाई दिने मामा चन्द रीमाल र माइजु भिमा रीमाललाई विशेष धन्यवाद दिन चाहन्छु। शोधपत्र लेखनमा सहयोगीको भूमिका निर्वाह गर्नु हुने दिदि मन्जु न्यौपाने र भिनाजु टिका अधिकारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा हरबखत सहयोग गर्ने आत्मीय मित्र मिरा हुँमगाई, सुस्मा गौतम, जुनु श्रेष्ठ, जमुना मैनाली, दुर्गा कार्की, रोशनप्रसाद ढकाल, अनिल खतिवडा र लेखा, कट्टेलप्रति हार्दिक आभार प्रकट गर्दछु।

अन्त्यमा यो शोधपत्रलाई कठिन समयका बाबजुद आफ्नो कार्यलाई थाती राखी कम्प्यूटर सम्बन्धी सम्पूर्ण कार्यमा अविस्मरणीय सहयोग पुऱ्याउनु हुने टिना कम्प्यूटर खोर्सानै मोरङ्गका प्रोपाइटर यज्ञमणि निरौला र गोमा दहाललाई हृदयदेखि नै धन्यवाद दिन चाहान्छु।

विनिता न्यौपाने

# शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता पूर्ति गर्ने प्रयोजनका लागि कक्षाकोठामा शैक्षिक सामग्रीकोप्रयोग शीर्षकमा यो शोधपत्र तयार गरिएको छ। यस शोधकार्यका उद्देश्यहरू विद्यालयमा शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्था पत्ता लगाउनु, विद्यालयमा शैक्षिक सामग्री निर्माण र सङ्कलनमा सरोकारवालाको भूमिका विश्लेशण गर्नु, शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू पहिचान गर्नु र शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू सुझाउनु रहेका छन् ।

यस अनुसन्धान कार्यमा मिश्रित अनुसन्धान विधिको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली, अर्न्तर्वाता प्रश्नावली र लक्षित समूह छलफल निर्देशिकासाधनको प्रयोग गरिएको छ । जनसङ्ख्या छनोटका लागि बुधवारे स्रोत केन्द्र अन्तर्गतका ३ वटा सामूदायिक मा.वि.हरू, तीन वटा विद्यालयबाट प्रधानाध्यापक १/१ जनाका दरले जम्मा ३ जना, शिक्षकहरू २/२ जनाका दरले जम्मा ६ जना, विद्यार्थीहरू ५/५ जनाका दरले १५ जनाकालाई नमुनाको रुपमा छनोट गरीएको छ । तथ्याङ्कको स्रोतको रुपमा प्राथमिक र द्धितीय स्रोतको प्रयोग गरिएको छ । अध्ययनबाट प्राप्त तथ्याङ्कलाई विश्लेशण गरी तालिकामा प्रस्तुत गरिएको छ । यस अध्ययनलाई पूरा गर्न वुद्धशान्ति १ र २ मा अवस्थित ३ वटा सामूदायिक विद्यालयलाई सुविधाजनक नमुना छनोट विधिवाट छनोट गरिएको छ। छनोटमा परेका शिक्षक र विद्यार्थीहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरिएको छ।

विद्यालयहरूमा शैक्षिक सामग्रीको उपलव्धता अपर्याप्त रहेको र उपलव्ध शैक्षिक सामग्रीहरू पनि शिक्षकहरूमा प्रयोग गर्ने ज्ञान, सीपको कमि, अपर्याप्त तालिमको अभावले गर्दा शैक्षिक सामग्रीको प्रयोगको अवस्था सन्तोष जनक नभएको पाइयो ।शैक्षिक सामग्री निर्माण र सङ्कलनमा शिक्षक र विद्यार्थीको सक्रिय भूमिका निर्वाह गरेको देखियो । विद्यालयलाई विभिन्न सङ्घ/संस्थाहरूले नगद तथा जिन्सी सहयोग गरेका छन् तर जति सहयोग प्राप्त हुनुपर्ने हो त्यति सहयोग नगरेको पाइयो । विद्यार्थीहरूले शैक्षिक सामग्रीको सङ्कलन गर्दा स्थानीयस्तरमा प्राप्त गर्न सकिने आफ्नो क्षमता र सीपको प्रयोग गरी निर्माण गर्न सक्ने र

कम मूल्यका मात्र सामग्रीको सङ्कलन गरेको पाइयो ।सामग्री निर्माण र सङ्कलनका लागि अभिभावकमा विद्यालयको पहुँच कमजोर रहेको पाइयो छ ।विद्यार्थीहरूको उमेर र स्तरअनुसारको विद्यार्थीलाई उत्प्रेरित गर्ने खाल्का सामग्रीको अभाव रहेको पाइयो । सामग्री निर्माण, सङ्कलन र प्रयोगका सम्वन्धमा अनुगमन र निरिक्षणको अभाव रहेको पाइयो । शैक्षिक सामग्री भण्डारण गर्ने छुट्टै कोठा नभएको र उपलव्ध सामग्रीहरू पनि छरपस्ट अवस्थामा रहेको पाइयो ।समधानका उपायहरूमा शैक्षिक सामग्री निर्माण गर्ने तरिका परम्परागत नै रहेको आधुनिक ढङ्गले निर्माण र सङ्कलन नगरेको हुनाले निर्माण र सङ्कलनमा विशेष नीति अवलम्वन गर्नुपर्ने देखिन्छ ।

शैक्षिक सामग्री प्रयोगका लागि कक्षाकोठामा पर्याप्त समय नपुग्ने भएकाले कार्यतालिकामा पुनसङ्गठन गरी समय व्यवस्थापन गर्नुपर्ने देखिन्छ । विद्यालयमा भएका शैक्षिक सामग्रीलाई व्यवस्थीत गर्नका लागि छुटै भण्डारण कक्षको निर्माण गर्न सम्बन्धित पक्षसँग पहल गर्नुपर्दछ । शैक्षिक सामग्री प्रयोग सम्बन्धि तालिमबाट प्राप्त सीपहरूको प्रयोग गरी शिक्षण गर्ने शिक्षकलाई पुरस्कार र नगर्ने शिक्षकलाई दण्डको व्यवस्था तत्काल गर्नु पर्दछ ।

# विषय सूची


| | |
|---|---|
| प्रतिबद्धता | ख |
| सिफारिस पत्र | ग |
| स्वीकृत पत्र | घ |
| कृतज्ञता पत्र | ङ |
| शोधसार | च |
| विषय सूची | ज |
| तालिका सूची | ट |
| चित्र सूची | ठ |
| परिच्छेद एक : परिचय | |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको महत्व | ७ |
| १.४ अध्ययनको उद्देश्यहरू | ७ |
| १.५ अनुसन्धानका प्रश्नहरू | ८ |
| १.६ अध्ययनको परिसीमा | ८ |
| परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा | |
| २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन | ९ |
| २.२ सम्बन्धित साहित्यको पुनरवलोकन | ११ |
| २.३ पुनरवलोकनको उपादेयता | १३ |
| २.४ अवधारणात्मक ढाँचा | १४ |
| परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया | |
| ३.१ अध्ययनको ढाँचा र विधि | १६ |
| ३.२ जनसङ्ख्या, नमुना, र नमुना छनोट रणनीति | १६ |
| ३.३ अध्ययन क्षेत्र | १७ |
| ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका | १७ |
| ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया | १७ |
| ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया | १८ |

परिच्छेद चार : नतिजाको व्याख्या एंवम् विश्लेषण


४.१ शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्था १९

४.१.१ विद्यालयमा हाल भएका शैक्षिक सामग्रीको विवरण १९

४.१.२ मूल्यका आधारमा शैक्षिक सामग्री २१

४.१.३ विषयगत शैक्षिक सामग्री प्रयोगको अवस्था २३

४.१.४ स्थानीय शैक्षिक सामग्रीका स्रोतहरू र प्रयोग २४

४.१.५ तहगत शैक्षिक सामग्री प्रयोगको अवस्था २६

४.२ शैक्षिक सामग्री निर्माण र सङ्कलनमा सरोकारवालाको भूमिका २८

४.२.१ सङ्घ/संस्थाले उपलव्ध गराएका शैक्षिक सामग्री २८

४.२.२ विद्यार्थीहरूले सङ्कलन गरेका शैक्षिक सामग्रीहरू ३०

४.२.३ शिक्षकले उपलव्ध गराएका शैक्षिक सामग्रीहरू ३२

४.२.४ सरकारले उपलव्ध गराएका शैक्षिक सामग्री ३३

४.२.५ अभिभावकको भूमिका ३५

४.३ शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू ३७

४.३.१ शैक्षिक सामग्री प्रयोगका समस्याहरू ३७

४.३.२ शैक्षिक सामग्री भण्डारणको समस्या ४२

४.३.३ पहुँच विस्तारको समस्या ४४

४.४ शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समधानका उपायहरू ४५

४.४.१ शैक्षिक सामग्री निर्माण र सङ्कलनमा सुधार गर्ने ४५

४.४.२ शैक्षिक सामग्री प्रयोगमा सुधार गर्ने ४६

४.४.३ शैक्षिक सामग्री व्यवस्थापनमा सुधार गर्नुपर्दछ ४७

४.४.४ अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ४८

४.४.५ पुरस्कार ४८

४.५ प्राप्ति तथा सारांश ४९

४.५.१ प्राप्ति ४९

४.५.२ सारांश ५०

परिच्छेद पाँच : निष्कर्ष र सुझाव


५.१ निष्कर्ष ५२

५.२ सुझाव ५२

५.२.१ नीतिगत तह ५२

५.२.२ अभ्यास तह ५३

५.२.३ अनुसन्धान तह ५३

सन्दर्भसूची

अनुसूची

## तालिका सूची

तालिका १: उपलव्ध सामग्री उपलव्धताको अवस्था २०
तालिका २: मूल्यका आधारमा शैक्षिक सामग्री प्रयोगको अवस्था २२
तालिका ३: विषयगत शैक्षिक सामग्री प्रयोगको अवस्था २३
तालिका ४: स्थानिय शैक्षिक सामग्रीका स्रोतहरू र प्रयोग २५
तालिका ५: तहगत शैक्षिक सामग्री प्रयोगको अवस्था २७
तालिका ६: सङ्घ/संस्थाले विभिन्न वर्षमा उपलव्ध गराएका शैक्षिक सामग्री २९
तालिका७: विद्यार्थीले उपलव्ध गराएका शैक्षिक सामग्री ३१
तालिका ८: शिक्षकले उपलव्ध गराएका शैक्षिक सामग्री ३२
तालिका ९: सरकारले विभिन्न वर्षमा उपलव्ध गराएका शैक्षिक सामग्री ३४
तालिका १०: शिक्षकसँग सम्बन्धित समस्याहरू ३८
तालिका ११: विद्यार्थीसँग सम्बन्धित समस्याहरू ३९
तालिका १२: विद्यालय प्रशासनसँग सम्बन्धित समस्याहरू ४०
तालिका १३: अभिभावकसँग सम्बन्धित समस्याहरू ४१
तालिका १४: शैक्षिक सामग्री भण्डारणका समस्याहरू ४३

## चित्र सूची

चित्र १: अवधारणत्मक ढाँचा १४